# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दुल्लू, दैलेख
### कर्णाली प्रदेश नेपाल

**सडक मर्मतको लागि व्याकहोलोडर र ट्रिपर भाडामा लिने सम्बन्धी सिलबन्दी कोटेसन आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७७/६/१३**

यस नगरपालिका अन्तर्गतका मुख्य मुख्य सडकहरु मर्मत सम्भारका लागि व्याकहोलोडर र ट्रिपर भाडामा लिनुपर्ने भएकाले उक्त कार्यका लागि आवश्यक पर्ने उक्त साधनहरु भाडामा दिन ईच्छुक व्यक्ति तथा फर्महरुलाई देहायअनुसारको शर्तको अधिनमा रही तोकिएको समयभित्र रितपूर्वकको सिलबन्दी कोटेसन पेश गर्नहुन सूचित गरिन्छ ।

१. सिलबन्दी कोटेसन फारम पछि फिर्ता नहुने गरी फारम दस्तुर रु ५०० जम्मा गरी यस कार्यालयको योजना शाखाबाट प्राप्त गर्न सकिने छ ।
२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले तेस्रो दिनभित्र कार्यालय समयमा विमा कायम गरी नवीकरण भएको सवारी दर्ता प्रमाणपत्र, सवारीचालक अनुमति पत्र, फर्मको हकमा फर्म दर्ता तथा नवीकरण प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता भएको प्रमाण पत्र र आ.व २०७५/०७६ (संभव भएसम्म आ.व. २०७६/०७६) सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपिहरु संलग्न राखी यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारिक प्रतिनिधि पठाई सिलबन्दी कोटेसन दर्ता सकिनेछ ।
३. कोटेसन फारमको प्रत्येक पानामा सहिछाप गरि प्रत्येक आइटमको दररेट अंक र अक्षर दुवैमा प्रष्ट लेखी सिलबन्दी गरी पेश गर्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दररेट लाई मान्यता दिइनेछ ।
४. उल्लेख गरेको विवरण गल्ती भई सच्याउनु पर्ने भएमा खुर्कने, मेट्ने वा टिपेक्स लगाउने कार्य नगरी पढ्न सकिने गरी एउटा धर्सोले काटी विवरण थप्नुपर्ने भएमा थप चिन्ह प्रयोग गरी थप गर्ने र थप गरेको तथा काटेको स्थानमा पछि थपघट गर्न नमिल्ने गरी अगाडी पछाडी हस्ताक्षर गरेको हुनुपर्नेछ । सो बमोजिम नभएको प्रस्तावलाई मान्यता दिईने छैन ।
५. रित नपुगी आएका वा म्याद गुज्री आएको वा अन्य शर्त राखि पेश हुन आएका कोटेसन मुल्याङ्कनमा समावेश गरिनेछैन ।
६. कोटेसन पुर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
७. कार्यक्षेत्रगत शर्तहरु तथा थप जानकारीको लागि कार्यालय समयभित्र योजना शाखामा सर्म्पक गर्न सकिनेछ ।

**तपसिल**

| क्र.सं. | सवारीसाधनको विवरण | कैफियत |
|---|---|---|
| १ | व्याकहोलोडर | |
| ३ | ट्रिपर (Heavy Tripper) | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत